# कोटहीमाई गांउपालिकाको परिचय

साविक सिपवा, सक्रोनपकडी, मर्यादपुर, बैरघाट, मझगांवा र बोगडी गाविसलाई गाँभेर बनाइएको कोटहीमाई गाउँपालिका प्रदेश नं. ५ अन्तर्गत लुम्बिनी अञ्चलको रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो । पूर्व पश्चिम हुलाकीसडक अर्न्तगत भैरहवा लुम्विनी खण्डको बनगाईदेखि करीब १० किलोमिटर दक्षिण, २७.३८९७७० पूर्वी देशान्तर र ८३.३०००८६ उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । ५८.२६ बर्ग किलोमिटर (श्रोतः संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय) क्षेत्रफल भएको यो गाउंपालिका रुपन्देही जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं ४ मा पर्दछ । पूर्वमा भारतको उत्तर प्रदेश, पश्चिममा लुम्विनी सांस्कृतिक नगरपालिका, उत्तरमा मायादेवी गाउंपालिका ,सम्मरीमाई र मर्चवारी गाउँपालिकाको सिमाना भित्र उत्तर पश्चिम हुदै बग्ने दानव नदीसंगै प्राकृतिक, भौगोलिक, सास्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । खुल्ला दिसा मुक्त र पूर्ण खोपयूक्त यस गाउँपालिकाको चारैतिर खेतीयोग्य जमीन रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यस गाउँपालिकामा रैथाने थारु, शुक्ला, यादब, लोध, कुर्मी, बरै, कलावर, हरिजन, गुप्ता, मुसलमान लगाएत जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृतिका ५,५९३ घर छन् जसमा महिला १९,९३२ र पुरुष १८,३०३ गरी जम्मा ४१,००६ जनसंख्या रहेकोछ यस्तै यहाँको लिगंको अनुपात १०४.६ र गरिवि ३१.५५% रहेको छ ।

कोटहीमाई गाउंपालिका रुपन्देही जिल्लाको कम विकसित गााउंपालिकाहरु मध्ये एक हो । यसको भू-बनोट समथर एकै खालको छ । समतल भु–भाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हूने संभवना भएता पनि १२ महिना पानीको श्रोत नभइ आकाशे पानीको भर पर्नूपर्ने अवस्था र आज भोलि घर घडेरी, मटरबाटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घट्दै जानूका साथसाथै वातावणियमा प्रतिकुल असर समेत परेको छ । यहां मौसम अनूसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मूख्य बाली धान, गहूं, मकै, मास, मसूरो, रहर, आलस, तोरी, मम्फुली, आलू आदि हून । आजभोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशूपालन, हांस, कूखूरा पालन गरिदै आएको छ । उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु (दूइमूहान, पर्सहवा, मझगांवा, सक्रोनपकडी आदि), भैरहवा र बूटवलमा बेचबिखान गरिन्छ । यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि भाद्र सम्म गर्मी हुन्छ । आश्विन, कार्तिक, मंसिर र फागुनमा यहांको हावापानी समशितोष्ण हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि भाद्रसम्म मनसुनी वायुका कारण प्रशस्त बर्षा हुने गर्छ ।